श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२५ सालको ऐन नं. २८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रताप-भास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्र-श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपाल-तारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### मुलुकी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– मुलुकी ऐन (यसपछि मूल ऐन भनिएको) मा समयानुकूल केही संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "मुलुकी ऐन (तेस्रो संशोधन) ऐन, २०२५" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२५

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।
(३) यो ऐन २०२६ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल ऐन अदालती बन्दोवस्तको महलको १४ नम्वरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको १४ नम्वरको दफा १ र २ मा रहेको "अर्जी लाग्ने म्याद बाहेक" भन्ने शब्दहरू झिकिएको छ ।

३. मूल ऐन अदालती बन्दोबस्तको महलको ५१ नं. मा संशोधनः- मूल ऐनको अदालती वन्दोबस्तको ५१ नं. मा रहेको 'पन्ध्र' को सट्टा 'तीस' राखिएको छ ।

४. मूल ऐन अदालती बन्दोवस्तको महलको ५४ नम्वरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको ५४ नम्वरको सट्टा देहाय बमोजिमको ५४ नम्वर राखिएको छः–

५४ नं. ।। ।। मुद्दामा हाजिर हुने मानिस अड्डाबाट थुनिए कैद परेको रहेछ भने म यस अड्डाबाट फलानासंगका फलाना मुद्दामा थुनिए कैद परेको छु भनी मुद्दा परेकै अड्डामा लेखी पठाएको भए के व्यहोराले कैद परे थुनिएको कहिलेसम्ममा छुट्ने रहेछ सबै कुरा बुझी थुन्ने कैद गर्ने अड्डामा दरखास्त दिएको भए यस व्यहोराले यस अड्डाबाट थुनिए कैद परेको छ यस बखतसम्ममा छुट्छ भनी छुट्ने देखिएको मिति खोली र छुट्ने अवस्था खुल्न नसके सोही व्यहोरा लेखी निजको दरखास्त मुद्दा परेको अड्डामा पठाई दिनु पर्छ । सो व्यहोरा लेखी आएपछि मुद्दा परेको अड्डाबाट पनि एक महीनासम्ममा छुट्ने रहेछ भने छुटेका मितिले बाटाका म्याद बाहेक पाँच दिनसम्ममा थुनिने कैद हुने मानिस हाजिर भए ऐन बमोजिम तारीख तोकी कारवाई गर्नुपर्छ । एक महीनाभन्दा बढी कैद परे थुनिएको वा यो अवस्थासम्ममा छुट्ने भन्ने अन्जाम नभएमा र नछुट्ने अवस्था परी थुनिए कैद परेकोमा भने कारवाई नगरी पर्खी रहन हुँदैन । निजलाई झिकाउनै परे कानूनको रीत पुऱ्याई झिकाई वा जो बुझ्नु पर्ने बुझी कारवाई गर्नु छिन्नु पर्छ । कारवाई गर्दागर्दै छुटेकोमा भए छुटेका मितिले बाटाका म्याद बाहेक पाँच दिनभित्र हाजिर भए तारीखमा राखी कारवाई गर्नुपर्छ ।

५. मूल ऐन अदालती बन्दोवस्तको महलको ५५ नम्वरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको ५५ नम्वरको सट्टा देहाय बमोजिमको ५५ नम्वर राखिएको छः–

५५ नं. ।। ।। मुद्दामा झगडियाले म्याद तारेख गुजारेमा पनि यसै महलको ५९ नम्वर बमोजिम थमाई पाउने म्यादसम्म फैसला गर्नु हुँदैन ।

६. मुल ऐन अदालती बन्दोबस्तको महलको ५९ नं. मा संशोधनः– मुल ऐन अदालती वन्दोबस्तको महलको ५९ नं. को सट्टा देहाय बमोजिमको ५९ नं. राखिएको छः–

५९ नं ।। ।। कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्याद तारीख गुज्रेमा एकै पटक वा ३ पटकसम्म गरी बढीमा ३० दिनसम्मको गुज्रेको म्याद तारीख थामिन सक्तछ। तर यसै महलको ६२ नं. र १७५ नं. मा लेखिए जतिमा सोही बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐन अदालती बन्दोवस्तको महलको ६० नम्वरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको ६० नम्वरको सट्टा देहाय बमोजिमको ६० नम्बर राखिएको छः–

६० नं. ॥ ॥ मुद्दा दायर गरी तारीख लिई सकेपछि तारेख गुजारेकोमा पटक कायम गर्दा तारीख लिई गुजारेको मितिदेखि मात्र पटकको हिसाव गरी कायम गर्नुपर्छ ।

८. मूल ऐन अदालती बन्दोवस्तको महलको ६१ नम्वरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको ६१ नम्वरमा रहेको "अर्जी" भन्ने शब्द झिकिएको छ ।

९. मूल ऐन अदालती बन्दोवस्तको महलको ६२ नं. मा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको ६२ नं. को सट्टा देहाय बमोजिमको ६२ नं राखिएको छ :–

६२ नं. ॥ ॥ देहायका अवस्थामा म्याद तारेख गुज्रेमा देहाय बमोजिम गर्नु पर्छ :–

म्याद तारीखमा हाजिर हुने व्यक्तिको कोही मरी क्रिया बस्नु परेमा क्रिया समाप्त भएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिन भित्र अड्डामा हाजिर भै निवेदन पत्र दिएमा म्याद तारीख थामी दिनु पर्छ – – – १

म्याद तारीखमा हाजिर हुनु पर्ने स्वास्नीमानिस सुत्केरी भै म्याद तारीख गुज्रेकोमा सुत्केरी भएको मितिले बाटाका म्याद बाहेक पैंतीस दिन भित्र अड्डामा हाजिर भै निवेदन–पत्र दिएमा म्याद तारीख थामि दिनु पर्छ – – २

ऐनले बिगो भर्नु भराउनु, दिनु, दिलाउनु वा सम्पत्ति चलन चलाउनु लिनु पर्ने मुद्दाका म्याद तारीखमा हाजिर हुनु पर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारिख गुज्रेमा मरी वा बौलाहा वा बेपत्ता भएको मितिले बाटाका म्याद बाहेक पैंतीस दिन भित्र निजको दैयादारले म्याद तारीख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भै निवेदन–पत्र दिएमा म्याद तारीख थामीदिई मुद्दा सकार गराई दिनु पर्छ – – – – ३

म्याद तारीखमा हाजिर हुनु पर्ने व्यक्ति सरकारी काजमा खटिई म्याद तारीख गुज्रेकोमा सो व्यक्ति म्याद तारीख गुज्रेको मितिले पैंतीस दिन भित्र अड्डामा हाजिर हुन आएमा वा काजमा खटाउने अड्डाले लेखि पठाएमा अड्डैबाट पर्चा खडा गरी म्याद तारीख थामि दिनु पर्छ – – – – ४

खोलो पहिरो वा हिउंले बाटो बन्द भै म्याद तारीख गुज्रेमा बाटो बन्द भएको मिति र खुलेको मिति खुलाई स्थानीय पञ्चायत वा सरकारी अड्डाबाट निस्सालिई बाटो खुलेको मितिले बाटाका म्याद भित्र अड्डामा हाजिर भै निवेदन-पत्र दिएमा म्याद तारीख थामि दिनु पर्छ । — — — ५

१०. मूल ऐन अदालती बन्दोवस्तको महलको ७१ नं. पछि ७१ क, ७१ ख र ७१ ग नं. थपः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल ऐन अदालती बन्दोवस्तको महलको ७१ नं. पछि देहाय बमोजिमको ७१ क, ७१ ख र ७१ ग नम्बर राखिएको छः—

७१क. नं. ।। ।। वारीस दिन हुने मुद्दामा कुनै व्यक्तिले चाहेमा ऐनले बारीस दिन हुने जुनसुकै मानिसलाई आफ्नो तर्फबाट मुद्दा दायर गर्ने प्रतिवाद गर्ने र त्यस सम्बन्धी अन्य कानूनी कारवाई गर्न सक्ने गरी अख्तियारनामा लेखी अधिकृत बारीस मुकरर गर्न हुन्छ । अधिकृत वारिसले अख्तियारनामामा लेखिए बमोजिम कुनै खास मुद्दा किटान भएकोमा सोही मुद्दामा मात्र र त्यसरी मुद्दा किटान नभै सामान्यरूपमा अख्तियार दिएको भए दायर रहेको बा पछि दायर हुने बा गर्नु पर्ने जुनसुकै मुद्दामा सो अख्तियारनामामा लेखिएको काम कुरा गर्न सक्ने छ र आवश्यक परेमा आफूलाई अख्तियार दिइएको कुनै पनि मुद्दामा बारीस समेत राख्ने अधिकार हुनेछ । अधिकृत वारिस मुकरर भएको मुद्दामा मुकरर गर्ने व्यक्तिका नाउँमा जारी हुने समन इतलायनामा म्याद पूर्जी वा सूचना अधिकृत वारिसलाई तामेल गर्न सकिनेछ ।

७१ख. नं. ।। ।। कुनै मुद्दा किटान नगरी सामान्यरूपको अख्तियारनामा दिई अधिकृत वारीस मुकरर गर्दा सो अख्तियारनामा नेपाल अधिराज्यभित्र भए कुनै जिल्ला न्यायाधीश र विदेशमा भए शाही नेपाली राजदूत वा वाणिज्यदूतको रोहवरमा लेखी निजद्वारा प्रमाणित गराउनु पर्छ र त्यसरी प्रमाणित गराउन आएमा जिल्ला न्यायाधीश बा शाही नेपाली राजदूत वा बाणिज्यदूतले पनि प्रमाणित गरी दिनु पर्छ । त्यसरी प्रमाणित नभएको अख्तियारनामाको कानूनी मान्यता हुने छैन ।

७१ग. नं. ।। ।। माथि ७१ ख नं. बमोजिम दिइएका अख्तियारनामा देहायको अवस्थामा बदर हुनेछः—

म्याद किटान गरी सो म्यादसम्म मात्र अख्तियारनामा कायम रहने भन्ने व्यहोरा उल्लेख भएको भए सो म्याद भुक्तान भएपछि———— १

कुनै खास घटना वा अवस्था भएपछि अख्तियारनामा कायम नरहने व्यहोरा उल्लेख भएको सो घटना वा अवस्था भएपछि ———— २

माथि लेखिए बाहेक अन्य अवस्थामा कुनै व्यक्तिले अख्तियारनामा वदर गराउन चाहेमा सो कुराको लिखित सूचना सम्बन्धित अधिकृत वारिस लाई दिई नेपालका कुनै दुई प्रमुख समाचारपत्रहरूमा सबै व्यहोरा खुलाई सूचना प्रकाशित गराएपछि ———— ३

११. मूल ऐन अदालती बन्दोवस्तको महलको ७७ नम्बरमा संशोधनः— मूल ऐन अदालती बन्दोवस्तको महलको ७७ नम्बरको सट्टा देहाय बमोजिम ७७ नम्बर राखिएको छः—

७७. नं. ।। ।। लिखतको प्रकृतिबाट आफूसंग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल वादीले उजुरीका साथ र प्रत्येवादीले प्रतिउत्तरपत्रका साथ वा वयान गर्दा पेश गर्नु पर्छ । सो बमोजिम उल्लेख वा पेश नगरेको सवूत प्रमाण पछि बुझिने वा लाग्ने छैन, तर देहायका अवस्थामा देहाय बमोजिम हुन्छः—

श्री ५ को सरकार वादी हुने र हुलदंगा कुटपीट मुद्दामा फिरादपत्र वा प्रतिउत्तर पत्रमा लेखिएदेखि बाहेकका लिखित प्रमाण बा साक्षी बा सरजमीनका मानिस पनि बुझ्नु पर्ने देखिएमा अड्डाले झिकाई बुझ्न हुन्छ ———— १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतमा बोकी ल्याउन नसकिने लिखतका हकमा माथि लेखिए बमोजिम लिखत दाखिल गर्दा सो लिखतको नक्कल मात्र दाखिल गरे पनि हुन्छ ——————————————————————————२

यसै महलको ७८ नम्बरमा लेखिएका कुरामा सोही बमोजिम हुन्छ ——————३

यसै महलको ८३ नम्बर बमोजिम दायर भएका मुद्दा कुनै मनासिब कारण देखाई झगडियाले कुनै लिखत प्रमाण पेश गर्न अर्को तारीख तोकी पाउँ भनी निवेदन गरेमा अड्डाले सो लिखत प्रमाण पेश गर्न बढीमा पैंतीस दिन-सम्मको अर्को तारीख तोकी दिन सक्नेछ ——————————————४

कुनै नयाँ र महत्वपूर्ण लिखत प्रमाण फिरादपत्र वा प्रतिउत्तरपत्र दिंदाका बखत आफूले भरमग्दूर कोशिश गर्दा पनि थाहा नपाएको वा प्राप्त गर्न नसकेकोले सो प्रमाणपत्र पेश गर्न अनुमति पाउँ भनी झगडियाले निबेदन दिएमा व्यहोरा मनासिब देखिए अड्डाले सो कुराको पर्चा खडा गरी सो प्रमाण बुझ्न हुन्छ ——————————————————५

१२. मूल ऐन अदालती बन्दोवस्तको महलको ७८ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोबस्तको महलको ७८ नम्बरको सट्टा देहाय बमोजिमको ७८ नम्बर राखिएको छः–

७८ नं. ।। ।। सबूत प्रमाण बुझ्ने भनी तोकिएको तारीखमा बादीको प्रमाणको कागज प्रतिबादीलाई र प्रतिबादीको प्रमाणको कागज बादीलाई सक्कलै देखाई सुनाई सद्दे, कीर्ते वा जालसाजी के भन्छ सोही बेहोराको बयान गराउनु पर्छ। उसै बखत सद्दे, कीर्ते वा जालसाजी छुटयाउन नसक्ने भै हाकिमका तजबीजले म्याद दिन पर्ने ठहराएमा तीन दिनसम्मको म्याद दिन हुन्छ। झगडिया बाहेक अरूको सहिछाप परेको कागज पेश भएकोमा उसै बखत सद्दे, कीर्ते वा जालसाजी छुटयाउन नसक्नेभै म्याद मागेमा प्रमाण सहित सद्दे, कीर्ते वा जालसाजीमा बयानगर्न बढीमा पैंतीस दिनसम्मको म्याद दिनु पर्छ। म्याद दिंदा सो म्याद पाउनेको सो कागज देखे सुने भन्ने कागज गराउनु पर्छ। सो म्यादभित्र सद्दे, कीर्ते वा जालसाजी जे भन्छ बयान गराई लिनु पर्छ। कीर्ते वा जालसाजी हो भन्ने बयान गरेका दिन निजका झग-डियाहरू हाजिर रहेको भए हाजिर रहेका जतिको उसै दिन र मनासिब कारणले सो हाजिर नरहेको जतिलाई ऐन बमोजिम हाजिर भएकै दिन बयान गराई लिनु पर्छ। बारिस वा कानून व्यवसायी तारीखमा रहेकोमा झगडियालाई नै झिकाउनु आवश्यक देखिएमा झगडिया झिकाई झगडियाको बयान गराउन पनि हुन्छ। सो म्यादभित्र दाखिल गरे जति सबूदको दाखिल भएकै दिन अकर्ण गराई लिनु पर्छ। सो म्यादभित्र दाखिल नगरेको प्रमाण लाग्न सक्तैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल ऐन अदालती बन्दोवस्तको महलको १०२ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको १०२ नम्बरको सट्टा देहाय बमोजिमको १०२ नम्बर राखिएको छ :–

१०२ नं. ।। ।। वारेण्ट जारी हुने र ठाडो बुझिएको बाहेक अरू मुद्दाको प्रतिवादीको नाउँको समाह्वान इतलायनामाको नमूना ।

फलाना अड्डाबाट जारी भएको फलाना ठाउँ बस्ने प्रतिवादी फलानाका नाउँको समाह्वान वा इतलायनामा ।

उप्रान्त फलाना ठाउँ बस्ने फलानाले तपाईको नाउँमा फलाना मितिमा फलाना मुद्दामा यस अड्डामा फिरादपत्र दिएको हुनाले सो फिरादपत्रको नक्कल समेत यसै साथ पठाइ दिएको छ । तसर्थ बाटाका म्याद बाहेक तीस दिनभित्र प्रतिउत्तरपत्र र कानून बमोजिम आफ्नो लिखतको प्रमाण समेतलिई अड्डा खुल्ने टायममा यस अड्डामा हाजिर हुन आफैं आउनु वा कानून बमोजिम वारिस वा कानूनी व्यवसायी पठाउनु ऐन बमोजिम पुर्पक्ष हुनेछ आफ्नो लिखत प्रमाणका सक्कल नक्कल प्रति-उत्तरपत्रको साथमा दाखिल गर्न नसके ऐन बमोजिम हुनेछ । सो म्यादभित्र प्रति-उत्तरपत्र लिई आफू पनि आउनु भएन वारिस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ पछि तपाईको उजूर लाग्ने छैन ।

इति सम्वत् साल गते रोज शुभम् ———————

१४. मूल ऐन अदालती बन्दोवस्तको महलको १०४ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको १०४ नम्बरको सट्टा देहाय बमोजिमको १०४ नम्बर राखिएको छः–

१०४ नं. ।। ।। ठाडो बुझिएका मुद्दामा प्रतिवादीका नाउँको समाह्वान इतलायनामाको नमूना ।

फलाना अड्डाबाट जारी भएको फलाना ठाउँ बस्ने प्रतिवादी फलानाका नाउँको समाह्वान वा इतलायनामा ।

उप्रान्त फलाना ठाउँ बस्ने फलानाले तपाईको नाउँमा फलाना मितिमा फलाना मुद्दामा यस अड्डामा उजूर बयान दिएको वा तपाई उपर फलाना कसूरको अभि-योग लगाई फलाना मितिमा यस अड्डामा प्रहरी प्रतिवेदन परेकोले सो मुद्दामा कार-वाई हुने भएको छ । तसर्थ बाटाका म्याद बाहेक तीस दिनभित्र अड्डा खुल्ने टायम-मा यस अड्डामा हाजिर हुन आफैं आउनु वा कानून बमोजिम वारीस वा कानून व्यवसायी पठाउनु ऐन बमोजिम पुर्पक्ष हुनेछ । आफू पनि आउनु भएन वारीस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ । पछि तपाईको उजूर लाग्ने छैन । इति सम्वत् साल गते रोज शुभम्————

१५. मूल ऐन अदालती बन्दोवस्तको महलको ११० नम्बरमा संशोधनः– मूल ऐन अदालती

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२६

बन्दोवस्तको महलको ११० नम्बरको दफा ५ पछि देहाय बमोजिमको दफा ६ थपिएको छः–

कानून बमोजिम कुनै झगडियालाई तामेल गर्नु पर्ने समाह्वान इतलायनामा म्याद सूचना निजको वारीस वा त्यस कामको लागि अधिकार पाएका कानून व्यवसायीलाई पनि माथि लेखिए बमोजिम तामेल गर्न सकिने छ। सो बमोजिम तामेल भएकोमा झगडियालाई नै तामेल भएको मानिने छ– – – – – – – – – ––––६

१६. मूल ऐन अदालती बन्दोवस्तको महलको ११५ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको ११५ नम्बरको सट्टा देहाय बमोजिमको ११५ नम्बर राखिएको छः–

११५ नं. ॥ ॥ प्रमाण बुझ्न तोकिएको तारीखमा हाजिर नभएका साक्षीलाई वातील गर्नु पर्छ। तर श्री ५ को सरकार वादी हुने वा फौज्दारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ। मनासिब कारण भएमा वाहेक सो बमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रुपैयाँ जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई बकाउनु पर्छ। पक्रन पठाउँदा पनि फेला परेन भने बाटाको म्याद बाहेक सात दिनको फेरि समाह्वान जारी गर्नु पर्छ। सो समाह्वान बमोजिम तोकिएको तारीखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई ल्याई बकाई पन्ध्रदिन देखि पैंतालीस दिनसम्म कैद गर्न सक्नेछ। त्यतिगर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनु पर्छ।

१७. मूल ऐन अदालती बन्दोवस्तको महलको १४४ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको १४४ नम्बरको सट्टा देहाय बमोजिमको १४४ नम्बर राखिएको छः–

१४४ नं. ॥ ॥ वादी प्रतिवादीमा लेखिएका साक्षीहरू अड्डाले तोकेको तारीखमा झगडिया आफैंले उपस्थित गराउनु पर्छ तर आफूले उपस्थित गराउन नसक्ने जतिको समाह्वान इतलायनामा जारी गर्दा लाग्ने दस्तूर वादी प्रत्येवादी दर्ता गराउँदा बुझाउन सक्नेछ र त्यसरी दस्तूर बुझाएकोमा भने अड्डाबाट झिकाई बुझ्नु पर्छ। सो बमोजिम उपस्थित गराउन नसकेको वा अड्डाबाट बुझ्न हुने गरी समाह्वान इतलायनामाको दस्तूर पनि नबुझाएमा यसै महलको ११५ नम्बर बमोजिम हुनेमा बाहेक पछि त्यस्तो साक्षी बुझिने छैन।

१८. मूल ऐन अदालती बन्दोवस्तको महलको १७० नम्बरपछि १७०क नम्बर थपः– मूल ऐन अदालती बन्दोवस्तको महलको १७० नम्बरपछि देहाय बमोजिमको १७० क. नम्बर थपिएको छः–

१७० क. नं. ॥ ॥ झगडियाले प्रस्तुत गर्न नसक्ने तर मुद्दामा इन्साफ गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिबाट मात्र लागु हुनेछ।

बाहिने अरू व्यक्तिको कब्जामा रहेको लिखत पेश गर्न भनी सो व्यक्तिलाई मुद्दा चली रहेको जुनसुकै बखत अड्डाले आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएमा सो आदेश-मा तोकिएको अवधिभित्र सो लिखत आफैं अड्डामा उपस्थित भई वा अरू कुनै व्यक्ति मार्फत पेश गर्नु निजको कर्तव्य हुनेछ । सो बमोजिम लिखत पेश नगर्ने वा लिखत पेश गर्न नसकेको मनासिव कारण पनि नदेखाउने व्यक्तिलाई अड्डाले पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१९. मूल ऐन अदालती बन्दोबस्तको महलको १७५ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोबस्तको महलको १७५ नम्बरको सट्टा देहाय बमोजिमको १७५ नम्बर राखिएको छः–

१७५ नं. ।। ।। देहायका कामको मानिसले देहायका कामको नाताबाट हक दाबी गरी दायर गरेको वा त्यस विषयमा निजहरू उपर परीरहेको मुद्दा फैसला नहुँदै अघिबाटै सो मुद्दामा पुर्पक्ष गरी आएका देहायका काम गरी आएका कामदार मरी वा कामबाट छुट्न गई तारीख गुज्रन गएकोमा सो मुद्दा पुर्पक्ष गरी आएमा साविकवालाले नालिस उजूर गरेको वा प्रतिबादी दिएको कुरा कायम गराई माग्ना निमित्त त्यसको काम गर्नालाई मुकरर भएका हालवालाले तारीख गुज्रेका मितिले बाटोको म्याद बाहेक पैतीस दिनभित्र मुद्दा सकार गर्न आए मुद्दाबाट हार जित हुँदा अघि पुर्पक्ष गरी आएका साविकवालाको हानी नोक्सानी नहुने देहायका कलममा साविकवालाको मुद्दा हालवालाले सकार गरी पुर्पक्ष गर्न पाउँछ । सकार गराई ऐन बमोजिम गर्नु पर्छ । सकार गर्न नआए कानून बमोजिम गरी छिनी दिनु पर्छ ।

रैकर र रैकर सरह हुने राजगुठी समेतको काम चलाई आएको मेनेजर, महन्त, पूजारी, तालुकदार, जिम्मावाल, ठेक्दार, छुटवाला र जग्गा घर चलन गरी आउने समेतले रैकर र सो सरहका राजगुठीको लगतमा दरिएको चल अचल चोरी दवाई चापी खाएको विषयको ——————————————— १

सरकारी रकमको नाइके रकमीले सरकारी रकम कायम गराई माग्ने विषयको —— २

बैंक, कम्पनी वा अन्य संगठित संस्थाका मुख्य भई दैनिक प्रशासनको काम चलाउनेले सो बैंक, कम्पनी वा संस्थाको लिने दिने हक दावी कायम गर्ने विषयको ——— ३

२०. मूल ऐन अदालती बन्दोबस्तको महलको १७७ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोबस्तको महलको १७७ नम्बरको सट्टा देहाय बमोजिमको १७७ नम्बर राखिएको छः–

१७७ नं. ।। ।। अड्डाले प्रमाणको निमित्त झिकाएको कुनै सरकारी अड्डामा रहेको सरकारी कामका सम्बन्धको प्रकाशित नभएको कुनै गोप्य लिखतका हकमा सम्बन्धित बिभागीय प्रमुखले इजाजत दिएमा बाहेक त्यस्तो लिखतको कुरा प्रकट गर्न वा त्यस्ता लिखत पठाउन कर लाग्ने छैन ।

२१. मूल ऐन अदालती बन्दोबस्तको महलको १७९ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोबस्तको महलको १७९ नम्बरको सट्टा देहाय बमोजिमको १७९ नम्बर राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७९ नं. ।। ।। श्री ५ को सरकार वादी हुने मुद्दा बाहेक अन्य मुद्दामा मुद्दाका दुबै थर झगडियाले तारिख गुजारेमा सो मुद्दा डिसमिस हुन्छ । डिसमिस गराए बापत बादी बा पुनराबेदकलाई देहाय बमोजिम सजाय हुन्छ । डिसमिस भै सकेपछि त्यसै बादी बा पुनराबेदकको त्यसै प्रतिवादी बा बिपक्षी उपर त्यसै कुरामा अर्को नालेस बा पुनराबेदन लाग्न सक्तैन । बेरीतिसंग डिसमिस भएकोमा सो बेरीत भएको कुरामासम्म पैंतीस दिनभित्र पुनराबेदन लाग्न सक्छ————————

शुरू मुद्दा डिसमिस भएकोमा बादीले दाबी गरेको वा पोलेको कुरा साँचो नठहरे निजलाई हुन सक्ने सजायको प्रमाण बुझ्दै भए सयकडा पाँच र प्रमाण बुझी सकेपछि भए सयकडा दश ———————————————— १

पुनरावेदन परेको मुद्दा डिसमिस भएकोमा सो पुनरावेदन जुन अन्तिम निर्णय उपर भएको हो सो सदर भएको खण्डमा पुनराबेदकलाई सजाय हुन सक्ने सजाय-को सयकडा पाँच ———————————————— २

२२. मूल ऐन अदालती बन्दोवस्तको महलको १८४ नम्बर पछि १८४क. नम्बर थपः– मूल ऐन अदालती बन्दोवस्तको महलको १८४ नम्बरपछि १८४क. नम्बर थपिएको छः–

१८४क नं. ।। ।। प्रतिउत्तर परी झगडियाहरूको उपस्थितिको निमित्त तोकिएको तारीखमा दुबै पक्षको रोहबरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत हेरी देखाई बादी प्रतिबादीसंग आवश्यक कुरा सोध पुछ समेत गरी त्यसबाट दुबै थरको कुरा मिले नमिलेको अड्डाले बिचार गरी कुरा मिलेको देखिन आएमा तुरुन्तै निर्णय सुनाउन पर्छ । दुबै थरको कुरा आंशिक वा पूर्णरूपमा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने हो सो कुराहरू र त्यस सम्बन्धमा बुझ्नु पर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबूद प्रमाण झिकाउन आदेश दिई सबूद प्रमाण बुझ्ने तारीख समेत तोक्न पर्छ । प्रमाण बुझ्न तोकिएको तारीखमा अड्डाले यसै महलको ७८ नम्बर बमोजिम कारबाई गर्नु पर्छ ।

२३. मूल ऐन अदालती बन्दोवस्तको महलको १८५ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको १८५ नम्बरको सट्टा देहाय बमोजिमको १८५ नम्बर राखिएको छः–

१८५ नं. ।। ।। यसै महलको१८४क. नम्बर बमोजिम अड्डाले बुझ्नु पर्ने भनि ठहराएका प्रमाणहरू बुझी सकेपछि पछि सोही दिन अड्डाले मुद्दाको छलफल गर्नालाई तारिख तोकी सो तोकिएको दिनमा हाजिर भएसम्मका झगडियालाई राखी झगडियाले कुनै लिखित बहस पेश गरे सो समेतलिई मिसिल सामेल राखी छलफल गरी ठहराई दुबै थरका हक्मा जो दिने सजाय समेत सुनाई सो कायम भएको ठहर राय उसै दिन राय लेख्ने किताबमा लेखी झगडिया र छलफल गर्ने हाकिम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असिष्टेण्ट, र फाँटवाला समेतको सहिछाप गर्नु पर्छ। राय कायम भै सकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न सात दिनभन्दा बढी ढीला गर्न हुँदैन। फैसला लेख्दा अड्डाले मुद्दाको संक्षिप्त व्यहोरा झगडियाहरूका कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने कुरा त्यस सम्बन्धमा कुनै झगडिया वा कानून व्यवसायीले बहस गरेको भए सो बहसको मुख्य मुख्य बुँदाहरू र त्यस सम्बन्धमा अड्डाको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरू समेत प्रत्येक कुराहरू प्रकरण छुट्याई छुट्टा छुट्टै उल्लेख गर्नु पर्छ माथि लेखिए बमोजिमको प्रमाण बुझी सकेपछि उसै दिन मुद्दा किनारा गर्न कुनै मनासिब माफिकको कारणले नसकिने भएमा त्यस सम्बन्धमा कारण सहितको पर्चा खडा गरी मुद्दा किनारा गर्ने अर्को तारीख तोक्नु पर्छ र कुनै कारणले मुद्दा किनारा गर्न अनिश्चित कालसम्म अर्को तारीख तोक्न नसकीने भएमा यसै महलको १५ नम्बर बमोजिमको कारवाई समेत गर्नुपर्छ र झगडिया तारीखमा रहेको भए पछि अड्डाबाट सूचना पाएका बखत हाजिर हुने गरी झगडियालाई सूचना दिइने ठेगाना समेत उल्लेख गरी कागज गराई तारीख छुटाई दिनु पर्छ।

२४. मूल ऐन अदालती बन्दोवस्तको महलको १८५ नं. पछि १८५क नं. र १८५ख. नं. थपः– मूल ऐन अदालती बन्दोवस्तको महलको १८५ नम्बर पछि देहाय बमोजिमको १८५क. नम्बर र १८५ख. नम्बर थपिएको छः–

१८५क नं. ।। ।। अड्डाले तोकेको कुनै एक थर झगडिया हाजिर हुन नआएमा सो गुज्रेको म्याद वा तारेख थाम्ने म्याद गुज्रेको पन्ध्र दिनभित्र अड्डाले देहाय बमोजिम मुद्दाको कारवाई र किनारा गर्नु पर्छः–

वादी हाजिर रहेको तर प्रत्येवादी हाजिर नरहेको भए वादीको सबूद प्रमाण सबै बुझी मिसिल सामेल रहेको वादी प्रत्येवादीको सबै सबूद प्रमाण हेरी त्यसको आधारमा मुद्दा फैसला गर्नु पर्छ ———————————— १

श्री ५ को सरकार वादी हुने मुद्दा बाहेक अरू मुद्दामा प्रत्येबादी हाजिर भएको तर वादी हाजिर नभएकोमा प्रतिउत्तरपत्र र मिसिल सामेल रहेका अरू प्रमाण-बाट प्रतिवादीले वादीको दावी पूरै वा आंशिक तवरले स्वीकार गरेको देखिन आएमा वा ठहरेमा सो हदसम्म इन्साफ गर्ने गरी र स्वीकार नगरेको वा नठहरेको हदसम्म डिसमिस गर्ने गरी मुद्दा फैसला गर्नु पर्छ ——————— २

माथि दफा २ बमोजिम आंशिक वा पूरै डिसमिस भएको मुद्दामा पूरै डिसमिस भए सरह यसै महलको १७९ नम्बर बमोजिम हुन्छ। डिसमिस गराए बापत हुने सजायका हकमा भने डिसमिस भए जति दाबीका हिसाबले मात्र सजाय हुन्छ ——३

१८५ख नं. ।। ।। धेरै जना वादी वा धेरै जना प्रतिवादी भएको मुद्दामा सबै हाजिर नभै दुबै तर्फको एक एक जना वा एक जनाभन्दा बढी हाजिर भएकोमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६३०

मुद्दा छिन्नालाई अरू हाजिर नभएसम्म पर्खी रहनु पर्दैन । हाजिर नरहेकाको हक्मा समेत हाजिर रहे सरह ऐन बमोजिम मुद्दा छिनिदिनु पर्छ ।

२५. मूल ऐन अदालती बन्दोवस्तको महलको २२५ नम्बरमा संशोधनः– मूल ऐन अदालती बन्दोवस्तको महलको २२५ नम्बरको सट्टा देहाय बमोजिमको २२५ नंबर राखिएको छः–

२२५ नं. ।। ।। कुनै सरकारी कर्मचारीले आफ्नो पदको नाताले वा आफ्नो अड्डाको कुनै काम गर्दा आफुले गर्न नहुने कुनै काम गरेमा वा गर्नु पर्ने कुनै काम नगरेमा वा त्यस्तो काम काज गर्दा अनावश्यक ढीलासुस्ती गरेमा वा वदनियत देखिएमा त्यस्ता कर्मचारीलाई अख्तियारवालाबाट तत्कालै विभागीय कारवाई र सजाय गर्नु पर्छ । अड्डाले जाच्ने कुनै पदाधिकारीले आफुले अड्डा जाँच गर्ने सिलसिलामा त्यस्तो भए गरेको देखेमा विभागीय कारवाईका लागि तुरून्त अख्तियारवालालाई लेखि पठाउनु पर्छ ।

२६. मूल ऐन अदालती वन्दोबस्तको महलको २२५ नम्बर पछि २२६ नम्बर थपः– मूल ऐन अदालती बन्दोबस्तको महलको २२५ नम्बर पछि देहायका २२६ नम्बर थपः–

२२६ नं. ।। ।। यस महल बमोजिम स्थानीय पञ्चायतको सदस्यको रोहबरमा वा त्यस्तो सदस्यको सहिछाप गराई गर्नु गराउनु पर्ने कुनै काम कारवाई गर्ने गराउने सिलसिलामा सो पञ्चायतका कुनै सदस्यलाई उपस्थित गराइ दिन सो पञ्चायतको कार्यालयमा लिखित सूचना दिंदा पनि सो काम कारवाईका लागि सो पञ्चायतका कुनै सदस्य उपस्थित नभएमा निजको अनुपस्थितिमै पनि सो काम कारवाई गर्न सकिने छ र अरू कुराको रीत पुगेको भए पञ्चायतका सदस्यको उपस्थिति वा सहिछाप नभएको भन्ने आधारमा मात्र सो काम कारवाई बदर हुने छैन ।

२७. मूल ऐन दण्ड सजायको महलको ५९ नं. पछि ६० नम्बर थपः– मूल ऐन दण्ड सजायको महलमा ५९ नम्बर पछि देहाय बमोजिमको ६० नम्बर थपिएको छः–

६०नं. ।। ।। यस महल बमोजिम स्थानीय पञ्चायतको सदस्यको रोहबरमा वा त्यस्ता सदस्यको सहिछाप गराइ गर्नु गराउनु पर्ने कुनै काम कारवाई गर्ने गराउने सिलसिलामा सो पञ्चायतको कुनै सदस्यलाई उपस्थित गराइ दिन सो पञ्चायतको कार्यालयमा लिखित सूचना दिंदा पनि सो काम कारवाईका लागि सो पञ्चायतका कुनै सदस्य उपस्थित नभएमा निजको अनुपस्थितिमै पनि सो काम कारवाई गर्न सकिने छ र अरू कुराको रित पुगेको भए पञ्चायतको सदस्य उपस्थित वा सहिछाप नभएको भन्ने आधारमा मात्र सो काम कारवाई बदर हुने छैन ।

२८. मूल ऐन जग्गा पजनीको महलको २ नम्बर पछि २ क नम्बर थपः– मूल ऐन जग्गा पजनीका महलको २ नम्बर पछि देहाय बमोजिमको २ क. नम्बर थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२९

२ क. नं. ।। ।। आफ्ना हक हुन आई दाखिल खारेज गर्नु पर्ने भएको र वर्तावाला मरी हकवालाको नाममा सार्नेमासमेत पैंतिस दिन भित्र दाखिल दर्ता नगराई म्याद गुजारी बसेकोमा पछि दाखिल दर्ता गराउन दरखास्त दिएमा जतिसुकै अवधि व्यतित भए पनि दश रूपैया दस्तूरलिइ नाम सारी दाखिल खारेज गरी दिनु पर्छ यो ऐन लागू हुनु भन्दा पहिले जग्गाको नाम सारी दाखिल खारेज गर्ने म्याद गुज्रेका कलमहरूमा समेत सो बमोजिम दस्तूर लिई नाउँसारी दाखेल खारेज गरिदिनु पर्छ ।

२९. मूल ऐन रजिष्ट्रेशनको महलको ३२ नम्बर पछि ३२ क. नम्बर थप :– मूल ऐन रजिष्ट्रेशनको महलको ३२ नम्बर पछि देहाय बमोजिमको ३२ क. नम्बर थपिएको छ :–

३२ क. नं. ।। ।। यसै महलको ३० नम्बर र ३२ नम्बरमा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले सो नम्बरहरूमा लेखिएको म्याद गुजारी दाखिल खारेज गराउन दरखास्त दिएमा जतिसुकै अवधि व्यतित भएपनि दश रूपैयाँ दस्तूरलिई नाउँसारी दाखिल खारेज गरिदिनु पर्छ । यो ऐन लागू हुनु भन्दा अगावै त्यस्तो म्याद गुज्री सकेकोमा पनि सो बमोजिम दस्तूर लिई नामसारी दाखिल खारेज गरिदिनु पर्छ ।

३०. खारेजी:– मूल ऐन भाग २, अदालती बन्दोबस्तको महलको ५६, ६३, ६७, १०६, ११४, १३१, १३८ र १७४, नम्बरहरू खारेज गरिएका छन् ।

लालमोहर सदर मिति २०२५।७।६।६ ।

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२२